# नेपाल ए.पि.एफ. उच्च माध्यमिक विद्यालय

कीर्तिपूर, काठमाण्डौ

## राशन आपूर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७३/१०/११

नेपाल ए.पि.एफ. उच्च माध्यमिक विद्यालय कीर्तिपुरमा अध्ययन गर्ने ५६७ जना (विद्यार्थी संख्यामा थपघट हुन सक्ने) छात्र र छात्राहरुको निमित्त २०७४ साल बैशाख १ गते देखि २०७४ साल चैत्र मसान्त सम्म बर्ष १ (एक) को लागि आवश्यक राशन शिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट आपूर्ति गर्नु पर्ने भएको हुँदा राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका योग्य ईच्छुक नेपाली फर्म कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात रु.३०००/- (तिन हजार) नगदै तिरी (फिर्ता नहुने गरी) सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ र यस विद्यालयबाट प्राप्त गर्न सक्नेछन। शिलबन्दी बोलपत्र फारामहरु मिति २०७३/११/१२ गते १२:०० बजे भित्र यस विद्यालयको लेखा शाखामा दाखिला गरि सक्नु पर्ने छ। एवं e-bidding मा भाग लिने बोलपत्रदाताहरुले मिति २०७३/११/१२ गते १२:०० बजे सार्वजनिक खरीद अनुगमन कार्यालयको अन्तरिम portal www.bolpatra.gov.np मा e-submission गरि सक्नु पर्नेछ। दाखिला तथा e-submission भएका शिलबन्दी बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस विद्यालयमा खोलिने छ। अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस स्कुलको फोन नं. ०१-५२१३००३ मा सम्पर्क राखी बुझ्न सकिने छ। साथै यो सूचना नेपाल ए.पि.एफ. उच्च माध्यमिक विद्यालयको website-www.apf.gov.np मा समेत उपलब्ध छ। सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा बोलपत्र कागजात उल्लेख भए बमोजिम हुनेछ ।